काठमाडौं संस्करण

# नयाँ पत्रिका

५ माघ २०७२, मंगलबार | वर्ष ९, अंक २७१ | NAYA PATRIKA NATIONAL DAILY www.enayapatrika.com | 19 Jan 2016, Tuesday | पृष्ठ १६, मूल्य रु. १०/-

# चौधरी ग्रुपद्वारा भूकम्पप्रभावितका लागि १७ सय घर निर्माण

**नयाँ पत्रिका**
**काठमाडौं, ४ माघ**

- **भूकम्पपछि नाकाबन्दीको अर्को भूकम्पका कारण उद्योग व्यापारको वातावरण छैन :** 
  **अध्यक्ष, विनोद चौधरी**
- **१० हजार घरमध्ये १ हजार घर चौधरी फाउन्डेसन आफैँले र बाँकी ९ हजार साझेदारसँगको सहकार्यमा गर्ने घोषणा ग्रुपले गरेको थियो**




चौधरी ग्रुपले भूकम्पलगत्तै १० हजार ट्रान्जिसनल घर निर्माणको घोषणा गरेको थियो । ग्रुपअन्तर्गतको फाउन्डेसनले विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थासँग मिलेर निर्माण गरिरहेका घरमध्ये ७ महिनाको अवधिमा १ हजार ७ सय बढी घर निर्माण गरिसकेको जनाएको छ ।

एक हजार घर हस्तान्तरण भइसकेको ग्रुपले जनाएको छ। त्यस्तै, ग्रुपले ३० वटा विद्यालय भवन निर्माण सम्पन्न गरेको छ। जसमध्ये १२ भवन विद्यालय व्यवस्थापन समितिलाई हस्तान्तरण गरेको ग्रुपले जनाएको छ। १० हजार घरमध्ये १ हजार घर चौधरी फाउन्डेसन आफैँले र बाँकी ९ हजार साझेदारसँगको सहकार्यमा गर्ने घोषणा ग्रुपले गरेको थियो । सरकारले भन्यो भने दरबार, स्कुललगायत अन्य क्षेत्रको पुनर्निर्माणमा पनि सघाउने घोषणासमेत ग्रुपले गरेको छ ।

चौधरी ग्रुपका अध्यक्ष विनोद चौधरीले भूकम्पपछि नाकाबन्दीको अर्को भूकम्पका कारण उद्योग व्यापारको वातावरण नभएको बताए । चौधरी ग्रुपअन्तर्गतको चौधरी फाउन्डेसनले भूकम्पप्रभावितका लागि निर्माण गरेको घरका विषयमा जानकारी दिन सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले सो कुरा बताएका हुन् ।

उद्योगी चौधरीले अहिलेको अवस्थामा उद्योग व्यापारको वातावरण नभएको उल्लेख गर्दै नाकाबन्दीले देशमा अर्को भूकम्प ल्याएको बताए । 'नाकाबन्दीले उद्योग व्यापारको मात्र नभएर विकास निर्माणको कामसमेत प्रभावित भएको छ,' उनले भने ।

भूकम्पपछिको पुनर्निर्माण र राहतका लागिसमेत असर गरेको उनले बताए । 'इन्धनअभाव राष्ट्रलाई भूकम्पपछिको दोस्रो संकटका रूपमा देखापर्‍यो,' उनले भने, 'हाम्रा सम्पूर्ण कामकारबाही पनि अवरुद्ध भए, प्रभावित क्षेत्रमा ढुवानी गर्नसमेत नसकिने अवस्था भयो ।' अध्यक्ष चौधरीले प्रतिकूल अवस्थामा पनि कामलाई निरन्तरता दिएको बताए ।

'भूकम्पपछि घर, आवास, शिक्षालय तत्काल आवश्यक थियो, हामीसँग सीप, प्रविधि थिएन, तर संकल्प थियो । जुन माध्यम अपनाएर भए पनि काम गर्नुपर्ने थियो । त्यही संकल्पले काम गर्‍यौँ,' चौधरीले भने । उनले तत्काल कामदार नपाइने र सबै सुरक्षित ठाउँमा जान थाले पनि ग्रुपले निरन्तर काम गरिरहेको बताए ।

'अहिलेको अवस्थामा चौधरी ग्रुपको महत्त्वपूर्ण गतिविधि भनेकै फाउन्डेसनको काम हो, मलाई नयाँ किसिमको अनुभव भयो, त्यसले सन्तुष्टि दिलाएको छ,' उनले भने । १० वटा उद्योग, १ सयवटा उद्योग लगाएर ठूला आर्थिक क्षेत्रका गतिविधि र त्यसको उपलब्धिको तुलनामा यसको उपलब्धिले अर्कै सन्तोष दिने उनले बताए । 'यहीबीचमा विश्वभरका प्रतिष्ठित संस्थाले हामीसँग हातेमालो गरे, हामीले त्यसलाई पनि सत्प्रयासका रूपमा लिएका छौँ,' उनले भने ।

अध्यक्ष चौधरीले फाउन्डेसनको दायरा बढाउन खोजिरहेको जानकारी दिए । नयाँ क्षेत्रमा काम गर्न उत्प्रेरित गरेको उनले बताए । 'हामीले सिजी पोलिटेक्निकमार्फत विदेशमा रहेका युवा र स्वदेशमा नै रहने युवाहरूलाई व्यवस्थित रूपमा तालिम दिनका लागि प्रक्रिया अगाडि बढाएका छौँ,' उनले भने, 'त्यसका लागि भारतको टाटा स्काईसँग मिलेर हामीले प्राविधिक तालिम प्रदान गर्नेछौँ ।' सिजी उन्नतिमार्फत महिलाद्वारा निर्मित हस्तकलालाई अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने योजना बनाएको पनि उनले जानकारी दिए ।